प्रतिदिन १६ औं वार्षिकोत्सव

राष्ट्रिय दैनिक
# प्रतिदिन
PRATIDIN NATIONAL DAILY

**तातोहावा 'लु' का असर तथा लक्षण**

- हृदयको गति तीव्र हुने,
- श्वासप्रश्वास र रक्तचाप कम हुने,
- शरीरबाट पसिना ननिस्कने,
- टाउको अत्याधिक दुख्ने,
- चक्कर लाग्ने, अचेत हुने,
- १०४ डिग्री फरेनहाइट भन्दा बढी ज्वरो आउने,
- छाला सुख्खा, रातो र तातो हुने,

यस्ता असरहरु देखिएमा तुरुन्त नजिकैको अस्पताल जाऔं ।

नेपाल सरकार
विज्ञापन बोर्ड

वर्ष-१६ ।। अङ्क : ११६ ॥ २०८१ जेठ २४ गते बिहिबार (6th Jun 2024 Thursday) **Pratidin** National Daily मूल्य-रु.५/-

# कोशी सरकारविरुद्धको मुद्दा पूर्ण इजलासमा





झापा(प्रस) ।कोशी सरकारविरुद्धको रिटको सुनुवाइ सर्वोच्च अदालतको पूर्ण इजलासमा हुने भएको छ। न्यायाधीशद्वय तिलप्रसाद श्रेष्ठ र बालकृष्ण ढकालको इजालसले रिटमाथि सुनुवाइ गर्दै पूर्ण इजलासमा पठाउने आदेश दिएको हो। रिटमाथि जेठ २७ गतेबाट पूर्ण इजलासमा सुनुवाइ हुनेछ।

निवर्तमान मुख्यमन्त्री केदार कार्कीले मुख्यमन्त्री हिक्मतकुमार कार्कीलाई पदमुक्त गरी मुख्यमन्त्रीमा आफूलाई निरन्तरता दिन माग गर्दै सर्वोच्च अदालतमा दायर गरेका थिए।

प्रदेश प्रमुख परशुराम खापुङले नयाँ सरकार गठनका लागि आह्वान गरेलगत्तै त्यसका विरुद्ध मुख्यमन्त्री कार्की सर्वोच्च पुगेका हुन्।

आफू नेतृत्वको सरकार हुँदाहुँदै अर्को सरकार आह्वान गर्नु संविधानविपरित भन्दै यसलाई रोक्नुपर्ने उनको दावी छ। उनले कोशीको मुख्यमन्त्रीमा आफूलाई निरन्तरता दिनुपर्ने बताउँदै अन्तरिम आदेशको माग गरेका छन्। प्रदेश प्रमुखको कार्यालय ,कोशी प्रदेश प्रमुख परशुराम खापुङ,कोशी प्रदेशका सभामुख अम्बरबहादुर विष्ट,संकल्प प्रस्तावका प्रस्तावक रेवतीरमण भण्डारी, संकल्प प्रस्तावका समर्थक गणेशप्रसाद उप्रेती र किशोर चन्द्र दुलाल र नेकपा एमालेका संसदीय दलका नेता तथा सांसद हिक्मतकुमार कार्कीलाई रिटमा विपक्षी बनाइएको छ। संविधानको धारा १६८ को उपधारा (५) अनुसार मुख्यमन्त्री बनेका केदार कार्कीले सरकारमा सहभागी दलले समर्थन फिर्ता लिएको ३० दिनभित्र विश्वासको मत नलिएपछि प्रदेश प्रमुख परशुराम खापुङले उनलाई पदमुक्त गर्दै धारा १६८ को उपधारा (५)अनुसार नै नयाँ सरकार गठनका लागि आह्वान गरेका थिए।

नेकपा एमाले र नेकपा माओवादी केन्द्र ५२ सांसदको समर्थनमा प्रदेश प्रमुख खापुङले हिक्मतकुमार कार्की मुख्यमन्त्री नियुक्त गरेका थिए। सो रिटमा जेठ ९ गते अदालतले मुख्यमन्त्री नियुक्तिको प्रक्रियाको कागजात झिकाउने आदेश दिएको थियो।

## मधेशमा जसपा नेपाल नेतृत्वको सरकार ढल्यो

झापा(प्रस) । जसपा नेपाल नेतृत्वको मधेश प्रदेश सरकार ढलेको छ । मधेश प्रदेश सभाको बुधबार दोस्रोपटक बसेको बैठकमा मुख्यमन्त्री सरोजकुमार यादवले विश्वासको मत पाउन सकेनन् । विश्वासको मतका लागि गरिएको मत विभाजनमा मुख्यमन्त्री यादवले ५० मत पाए भने विपक्षमा ५३ मत पऱ्यो । प्रदेश सभामा १ सय ३ जना सांसद उपस्थित थिए मुख्यमन्त्री यादवलाई जसपाको १९, कांग्रेसको २२, लोसपाका ८ र राप्रपाका १ जना सांसदले विश्वासको मत दिएका छन् ।

बिपक्षमा भने एमालेका २४, जनमतको १३, माओवादी(केन्द्र) को ९, नेकपा(एस)का ७ र नागरिक उन्मुक्ति पार्टीका १ जनाले मतदान गरेका छन् ।विश्वासको मतको प्रस्ताव पेश गर्दै मुख्यमन्त्री यादवले आफ्नो १७ महिना कार्यकालमा सहयोग गर्ने सबैलाई धन्यवाद दिएका थिए । उनले आफ्नो १७ महिने कार्यकालमा ठूला सबै दलका सांसद मन्त्री बनेको र आफूमाथि लगाइएको आरोप प्रमाणित गर्न नसकेको पनि बताए । उनले संघीयता र प्रादेशिक संरचनालाई बलियो बनाउन केन्द्रीय मनोविज्ञानलाई त्यागेर विश्वासको मत दिन सबै सांसदसित आग्रह गरेका थिए ।

## भद्रपुरको ३ नम्बर वडा कार्यालय नयाँ भवनमा

झापा(प्रस) । भद्रपुर नगरपालिका ३ नम्बर वडा कार्यालयले आफ्नै भवनबाट सेवा प्रदान गर्न थालेको छ । २०७४ देखि भाडाको घरबाट वडाको कामकाज गर्दै आएको वडा कार्यालयले भच्चकवस्तीमा



निर्मित भवनको उद्घाटन गरिएपछि मंगलबारदेखि सोही भवनबाट वडावासीलाई सेवा दिन थालेको हो ।

वडा कार्यालय परिसरमा आयोजित एक समारोहका बीच भद्रपुर नगरपालिकाका प्रमुख गणेश पोख्रेल तथा उपप्रमुख राधा कार्कीले संयुक्त रुपमा भवनको उद्घाटन गरेका थिए ।

वडाध्यक्ष हेमबहादुर कार्कीको अध्यक्षतामा आयोजित सोही समारोहका बीच वडा कार्यालय भवनका लागि निःशुल्क जग्गा प्रदान गर्ने जग्गादाताहरू ओमप्रकाश सरावगी, सत्यनारायण तायल, धनुहाङ सुहाङ, कल्याणकुमार राई, आइतबहादुर लिम्बू, श्याम थापा मगर, निलमकुमार राई, कुबेर गुरुङ, भीमप्रसाद राई र केबिर लिम्बूलाई सम्मान गरिएको थियो । समारोहमा उपस्थित जग्गादाताहरूलाई समारोहका प्रमुख अतिथि नगरप्रमुख पोख्रेल, उपप्रमुख कार्की, प्रमुख प्रशासकीय अधिकृत सुनिल निरौलालगायतले दोसल्ला ओढाएर सम्मानपत्र प्रदान गरेका थिए ।

जग्गादाहरुले वडा कार्यालयका लागि पाँच कट्ठा जग्गा निःशुल्क उपलब्ध गराएपछि नेपाल सरकारको १ करोड २४ लाख रुपैयाँको लागतमा दुई तले भवन निर्माण भएको थियो । भूकम्प प्रतिरोधी तथा अपाङ्गमैत्री सो भवनको भुइँतलामा प्रशासनिक कामकाजका लागि पाँच वटा कोठा र पहिलो तलामा सुविधासम्पन्न

❖ बाँकी अन्तिम पृष्ठमा

## हिमालबाट १०८ मेट्रिकटन फोहर र १२ शव झिकियो



झापा(प्रस) । नेपाली सेनाको अगुवाइमा सञ्चालित 'सफा हिमाल अभियान'बाट पाँच वर्षको अवधिमा सर्वोच्च शिखर सगरमाथासहित प्रमुख हिमालबाट १२ शव र एक सय आठ मेट्रिकटन फोहर सङ्कलन गरिएको छ।

नेपालमा रहेका हिमालको स्वच्छता कायम राख्ने उद्देश्यले सन् २०१९ देखि सुरु भएको अभियानका क्रममा हालसम्म चारवटा अस्थिरपञ्जर सङ्कलन गरिएको सेनाले जनाएको छ।

सन् २०२४ मा सञ्चालित अभियानअन्तर्गत विभिन्न हिमालबाट ११ मेट्रिकटन फोहर, चारवटा शव तथा एउटा अस्थिरपञ्जर सङ्कलन तथा व्यवस्थापन गरिएको छ।

सगरमाथा, ल्होत्से र नुप्से हिमालका विभिन्न स्थानबाट दुई हजार दुई सय २६ किलो कुहिने र आठ हजार सात सय ७४ किलो नकुहिने गरी कूल ११ हजार किलोग्राम फोहर सङ्कलन गरिएको राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु आरक्ष निर्देशनालयका निर्देशक सहायक रथी सञ्जय देउजाले जानकारी दिए.

कुहिने फोहरलाई स्थानीय तहसँगको सहकार्यमा नाम्चे इलाकामा सगरमाथा प्रदूषण नियन्त्रण समितिलाई हस्तान्तरण गरी व्यवस्थापन गरिएको छ।

नकुहिने फोहरलाई काठमाडौँ ल्याई पुनःप्रयोग गर्ने कम्पनीलाई हस्तान्तरण गरिएको छ। यस वर्षको सफाइ अभियानमा सगरमाथा, ल्होत्से र नुप्से हिमालका आधार शिविर र सोभन्दा माथिका स्थानबाट १० मेट्रिकटन फोहर र पाँचवटा शव सङ्कलन गर्ने लक्ष्य लिइएको थियो।

सफाइ टोलीले सगरमाथा हिमालको क्याम्प-३ देखि क्याम्प-४ (बालकुने इलाका) बाट तीन शव, ल्होत्से हिमालको चुचुरो नजिकबाट एक शव र खुम्बु आइसफल इलाकाबाट एकवटा मानव अस्थिरपञ्जर सङ्कलन गरेको छ।

सङ्कलित मानवशव तथा अस्थिरपञ्जर आवश्यक कानुनी प्रक्रियापश्चात् व्यवस्थापनका लागि त्रिवि शिक्षण अस्पताल महाराजगञ्जमा बुझाइएको सेनाले जनाएको छ।

हिमालमा बेवारिसे अवस्थामा रहेका शव सङ्कलन निकै चुनौतीपूर्ण मानिन्छ। गत चैत १९ गते सफाइ टोलीले काम थालेको थियो। ५५ दिनको प्रयासपछि उक्त फोहर, शव

❖ बाँकी तेस्रो पृष्ठमा

## भारतीय प्रधानमन्त्री मोदीले दिए राजीनामा



एजेन्सी । भारतीय प्रधानमन्त्री नरेन्द्र मोदीले पदबाट राजीनामा दिएका छन्।

राष्ट्रपति द्रौपदी मुर्मूलाई बुधबार दिउँसो भेटेर प्रधानमन्त्री मोदीले राजीनामा बुझाएको भारतीय समाचार संस्था टाइम्स अफ इन्डियाले जनाएको छ।

मोदीले राष्ट्रपति भवन पुगेर राजीनामा बुझाएका हुन्। राष्ट्रपति मुर्मुले प्रधानमन्त्री मोदीले दिएको राजीनामा स्वीकृत गरिसकेकी छन्।

भारतमा जुन ८ तारिखसम्म मोदी नै कामचलाउ प्रधानमन्त्री रहनेछन्। जुन ८ मा त्यहाँ भारतमा नयाँ सरकार गठन हुनेछ।

भारतको लोकसभा निर्वाचनको मतपरिणाम मंगलबार सार्वजनिक भएको थियो।

मतपरिणाम आएसँगै त्यहाँ नयाँ सरकार गठनका लागि दुई गठबन्धनबीच छलफल भइरहेको छ। भारतीय जनता पार्टीले एक्लै बहुमत ल्याउन सकेको छैन। तर भाजपा नेतृत्वको एनडिएले २९३ सिट जितेको छ।

बहुमत र सरकार गठनका लागि २७२ सिट आवश्यक हुन्छ। विपक्षी गठबन्धन इन्डियाले २३४ सिट जितेको छ।

सरकार गठनका लागि एनडिए गठबन्धनका प्रमुख नेताहरू विहारका मुख्यमन्त्री नितिशकुमार र तेलेगु देसम पार्टीका प्रमुख चन्द्रबाबु नायडू बुधबार दिल्ली पुगेका छन्। उनीहरू एनडिएसँग छलफल गर्नका लागि दिल्ली पुगेका हुन्। नितिश कुमारको जनता दल (युनाइटेड) र तेलेगु देसम पार्टी मोदी सरकारका लागि प्रमुख सहयात्री हुनसक्ने देखिएका छन्। जनता दलले १२ र तेलेगु देसमले १६ सिट जितेको छ।

यद्यपि नितिशको राजनीतिक पृष्ठभूमिका कारण सरकार कसरी बन्छ भन्ने टुंगो लागिसकेको छैन।विपक्षी गठबन्धन इन्डियामा सामेल दलका प्रमुखहरू समाजवादी पार्टीका प्रमुख अखिलेश यादवलगायत पनि छलफलका लागि दिल्ली पुगेका छन्।

## घरको छतबाट खसेर मजदुरको मृत्यु



झापा(प्रस) । मोरङको उर्लाबारीमा निर्माणाधीन घरको छतबाट खसेर बुधवार एक जना मजदुरको मृत्यु भएको छ ।

उर्लाबारी नगरपालिका-२ का ४८ वर्षीय सनीकुमार श्रेष्ठको मृत्यु भएको मोरङ प्रहरीका प्रवक्ता डीएसपी ज्ञानेन्द्रबहादुर बस्नेतले बताए ।उनका अनुसार उर्लाबारी-२ का जेनिस लिम्बूको निर्माणाधीन घरको दोस्रो तलाको छतबाट खसेर श्रेष्ठको मृत्यु भएको हो । उनी लिम्बूको घर निर्माणमा खटिएका कामदार हुन् ।

घर निर्माणमा प्रयोग गरिएका पुराना काठ झार्ने क्रममा बिहान १०:३० बजेतिर छतबाट खसेर श्रेष्ठ गम्भीर घाइते भएका थिए । तत्काल उद्धार गरेर उपचारका लागि मदन भण्डारी अस्पताल एवं ट्रमा सेन्टर लगिएको थियो । त्यहाँ सम्भव नभएपछि थप उपचारका लागि विराटनगरतर्फ लगिएको थियो । विराटनगरको आर्या न्युरो अस्पताल पुऱ्याउनसाथ चिकित्सकले १२:५५ बजेतिर श्रेष्ठलाई मृत घोषित गरेको जानकारी डीएसपी बस्नेतले दिए । उनका अनुसार घटनाका सम्बन्धमा इलाका प्रहरी कार्यालय उर्लाबारीका इन्स्पेक्टर देवेन्द्र दास नेतृत्वको टोलीले अनुसन्धान अघि बढाएको छ ।



# चिनियाँ पर्यटकलाई नेपाल भ्रमणको निम्तो




झापा(प्रस) । होटल संघ नेपाल (हान) ले चिनियाँ पर्यटक भित्र्याउन र चिनियाँ पर्यटन व्यवसायीबिच सम्बन्ध विस्तार गर्ने उद्देश्यले चीनको राजधानी बेइजिङमा नेपाल प्रवर्द्धनात्मक कार्यक्रमको आयोजना गरेको छ ।

बेइजिङस्थित नेपाली राजदूतावास र नेपाल पर्यटन बोर्डसँगको सहकार्यमा आयोजित उक्त कार्यक्रममा बोल्दै चीनका लागि नेपाली राजदूत विष्णुपुकार श्रेष्ठले नेपालका प्रमुख पर्यटकीय गन्तव्यबारे जानकारी दिँदै चिनियाँ समुदायलाई नेपाल भ्रमणका निम्ति प्रेरित गरेका छन् ।

हानका महासचिव तथा प्रवक्ता साजन शाक्यका अनुसार नेपाल आउने पर्यटकको दोस्रो ठुलो बजार चीनबाट धेरैभन्दा धेरै पर्यटक भित्र्याउने उद्देश्यसहित पवर्धनात्मक कार्यक्रम आयोजना गरिएको हो ।

उनले भने, "नेपालको आर्थिक विकासको प्रमुख माध्यम पर्यटन उद्योग भएकाले यस क्षेत्रको विकासमा चिनियाँ उद्यमीसँगको सहकार्य फलदायी हुने अपेक्षासहित हानको टोलीले बेइजिङ र छेन्दुमा प्रर्यटन प्रवर्द्धनात्मक कार्यक्रम गरिरहेको हो ।"

बेइजिङमा आयोजना गरिएको कार्यक्रममा हानका अध्यक्ष विनायक शाहले नेपालको पर्यटन उद्योग तथा उपलब्ध सुविधाबारे जानकारी दिँदै नेपाल चीन सम्बन्ध र पर्यटन, नेपालका रैथाने परिकारबारे जानकारी दिएको उनले बताए ।

कार्यक्रमले चीनका पर्यटन व्यवसायीबिच निरन्तर सम्पर्क स्थापित हुनुपर्नेमा जोड दिएको उनको भनाइ छ । उक्त कार्यक्रममा नेपाली भूमिबाट सगरमाथा आरोहण गरेका १५ चिनियाँ पर्वतारोहीलाई सम्मान गरिएको छ । हानका अध्यक्ष शाहको नेतृत्वमा सातै प्रदेशका ७५ सदस्य होटलहरू सम्मिलित नेपाली प्रतिनिधिमण्डलले चाइना होटल संघसँग दुईपक्षीय पर्यटन प्रवर्द्धनसम्बन्धी सम्झौतापत्रमा हस्ताक्षरसमेत गरेको छ ।

# 'भिडियो पसल' एपमा 'प्रकाश'



झापा(प्रस) । नायक प्रदीप खड्काको मुख्य भूमिका रहेको चलचित्र 'प्रकाश' 'भिडियो पसल' एपमा सार्वजनिक गरिएको छ । सामाजिक यथार्थमा आधारित 'प्रकाश' का दर्शकले चलचित्रको कथावस्तु, सन्देश र कलाकारको अभिनयलाई मन पराएका छन् ।

कर्णालीको रहनसहन र जीवनशैलीलाई लिएर तयार पारिएको चलचित्रमा जनयुद्धमा बेपत्ता पारिएको बाबुको परिवारमा छोराले शिक्षक बन्न गरेको सङ्घर्षको कथा छ । चलचित्रमा प्रदीप खड्का, दिया मास्के, रेनु योगी, प्रकाश घिमिरे, नीरज पन्थी, गोविन्द सुनुवार, रामबाबु रेग्मी, लोकेन्द्र लेखक, दीपेन्द्र शाहीलगायतका कलाकारको अभिनय रहेको छ ।

बिनिस इन्टरटेनमेन्टको ब्यानरमा निर्माण भएको चलचित्रमा राजेश श्रेष्ठको छायाङ्कन, जीवन थापाको सम्पादन, सुवास भुसाल, दीपक शर्मा, ताराप्रकाश लिम्बू र एलिस कार्कीको सङ्गीत र शैलेश श्रेष्ठको पार्श्व सङ्गीत रहेको छ । 'भिडियो पसल' मा २.९९ डलर देखि ५.९९ डलरसम्म तिरेर विभिन्न प्याकेजमा चलचित्र हेर्न सकिन्छ ।

# जैविक मल उत्पादनमा जोड



झापा(प्रस) । ताप्लेजुङको फक्ताङ्लुङ गाउँपालिकाले जैविक मल उत्पादनलाई जोड दिएको छ । स्वास्थ्यकर अर्ग्यानिक उपभोग्य वस्तु उत्पादन गर्ने योजनासहित गाउँपालिकाले जैविक मल उत्पादनमा जोड दिने भएको हो ।


जैविक मल उत्पादन गर्ने योजनाअनुसार गाउँपालिकाले स्थानीय किसानलाई मल उत्पादनका लागि प्रोत्साहित तथा उत्प्रेरित गर्ने भएको छ । फक्ताङ्लुङ गाउँपालिकाका अध्यक्ष राजन लिम्बू (मुक्ति) का अनुसार जैविक मल उत्पादनका लागि पालिकाभित्रका किसानहरूलाई तालिम दिने तयारी गरिएको छ । विदेशी विज्ञको उपस्थितिमा जैविक मल उत्पादनसम्बन्धी किसानलाई तालिम दिन लागिएको अध्यक्ष लिम्बूले बताए । जैविक मल उत्पादन गर्नमा सहयोग पुर्‍याउन किसानलाई अनुदानको व्यवस्थासमेत गर्न लागेको गाउँपालिकाले जनाएको छ ।

गाउँपालिकाका सूचना अधिकारी जयप्रसाद रिजालका अनुसार बिहीबारदेखि स्थानीय किसानलाई जैविक मल उत्पादनसम्बन्धी तालिम प्रदान गर्न लागिएको छ । गाउँपालिकाका ७ वटै वडाबाट २-२ जनाका दरले किसानलाई जैविक मल उत्पादन सम्बन्धी तालिम प्रदान गर्न लागेको उनले जानकारी दिए । प्रतिनिधिमूलक रूपमा प्रत्येक वडाबाट सहभागी हुने दुई जना किसानले तालिम प्राप्त गरेपछि सम्बन्धित वडाका अन्य किसानलाई जैविक मल उत्पादनबारे जानकारी दिने र मल उत्पादनतर्फ प्रेरित गर्नुपर्ने छ ।

गाउँपालिकाले चालू आर्थिक वर्षमा जैविक मल उत्पादन कार्यक्रमका लागि प्रत्येक वडालाई दुई लाख रुपियाँका दरले रकम विनियोजन गरेको जनाएको छ । रासायनिक मललाई विस्थापन गरी जैविक मल उत्पादन र प्रयोगतर्फ किसानलाई प्रोत्साहित गर्ने पालिकाको नीतिअनुरूप यस कार्यक्रमलाई कार्यान्वयनमा ल्याएको गाउँपालिकाले जनाएको छ ।

गाउँपालिकाले हिमालय एग्रो इकोलोजी नामक संस्थाको प्राविधिक सहयोगमा विगतदेखि नै अर्ग्यानिक कृषि उत्पादनसम्बन्धी अभियान सञ्चालन गरिरहेको छ । त्यस्तै पालिकाले एकीकृत कृषि तथा पशुपन्छी अनुसन्धान केन्द्रसमेत स्थापना गरी सञ्चालनमा ल्याएको छ ।

# एनआइसी एसिया बैंकले विमावापत दियो दश लाख




भद्रपुर(प्रस) । एनआइसी एसिया बैंक कचनकवल शाखाले सेवाग्राही खाता सञ्चालकलाई दुर्घटना विमावापत दश लाख रुपैयाँ दिएको छ ।

सर्वश्रेष्ठ कचनकवल गाउँपालिका बचत खाता खोल्ने स्व. टीकामाया दाहालको दुर्घटना विमा रकम बैंकले उनका श्रीमान् ओमबहादुर दाहाललाई रू १० लाखको चेक हस्तान्तरण गरेको हो ।

कचनकवल १ सोमबारे निवासी ओमबहादुर दाहालकी श्रीमती टिकामाया दाहालको मिति २०८० फागुन ३ गते विषालु सर्पको टोकेर निधन भएको थियो ।

बैङ्कको नियमअनुसार सर्वश्रेष्ठ कचनकवल बचत खाता संचालन गरेवापत खातावालासहित परिवारका अन्य ३ जनालाई घातक रोग बिमा, दुर्घटना बिमा तथा औषधि उपचार बिमा रहने व्यवस्था छ । त्यसअनुसार सो रकम बराबरको चेक एनआइसी एसिया बैंक कोशी प्रदेश क्षेत्रीय उप-प्रमुख डेनराज सुब्बा र कचनकवल गाउँपालिका अध्यक्ष कालेन्द्रप्रसादसिंह राजवंशीले संयुक्त रूपमा मृतकका श्रीमान् दाहाललाई हस्तान्तरण गरेको कचनकवल शाखा कार्यालयका शाखा प्रवन्धक पुष्कर अधिकारीले जानकारी दिएका छन् ।

## १२ दिनमा...

पारा खेलकुद प्रतियोगिता सञ्चालनका लागि सम्झौता भइसकेको र मिति तय हुन बाँकी रहेको उनले बताए । विभिन्न प्रतियोगिता आयोजनाका लागि १ करोड ६ लाख रूपैयाँ बजेट छुट्याइएको जानकारी बस्नेतले दिए । त्यस्तै, प्रशिक्षक प्रशिक्षण तालिम मोरङ र तेह्रथुममा आयोजना गरिने छ । तालिम आयोजना हुने मिति तय हुन बाँकी रहेपनि असार १५ भित्रमा सम्पन्न गर्ने उनले जानकारी दिए । तालिमका लागि २० लाख रूपैयाँ बजेट छुट्याइएको छ ।

'कोशी प्रदेशमा खेलकुदका प्रतियोगितहरु केही समयदेखि रोकिएका थिए । ती सबै प्रतियोगिता असार दोस्रो साताभित्रमा सक्ने गरी तयारी थालिएको छ,' उनले भने, 'समयमै सम्पन्न गर्न नसकेका कारण अब 'फास्ट ट्र्याक'बाट आयोजना गर्नुपर्ने अवस्था आएको छ । हतारहतार नगरे खेलकुदका लागि छुट्याइएको बजेट 'फ्रिज' भएर जान्छ ।'

कोशीको खेलकुद क्षेत्रलाई व्यवस्थित बनाउँदै लैजाने योजना अनुरूप आगामी नीति तथा कार्यक्रममा महत्वकांक्षी योजनाहरु समेटिएको सदस्यसचिव बस्नेतले बताए । खेलक्षेत्रका लागि छुट्याइने आगामी बजेटलाई सही हिसाबले परिचालन गरिने उनको प्रतिबद्धता छ । 'संस्कृति, प्रकृति र भूगोलका आधारमा हुँदै आएका र लोप हुन लागेका खेलको संरक्षण गर्ने योजना छ,' बस्नेत भन्छन्, 'आगामी दिनमा राष्ट्रिय विभूतिका नामबाट समेत खेलकुदको आयोजना गरिने छ ।' उनका अनुसार बहुवर्षीय योजनाअन्तर्गत मोरङको गोठगाउँमा बहुउद्देश्यीय 'स्पोर्ट्स कम्प्लेक्स' निर्माणदेखि मेची स्टेडियम र इटहरी तथा धरानमा फ्लडलाइट जडान गर्ने कार्यलाई अघि बढाउने तयारी छ ।

# पेट्रोल खन्याएर आफ्नै शरीरमा लगाए आगो



झापा(प्रस) । विराटनगरका एकजना पुरुषले पेट्रोल खन्याएर आफ्नै शरीरमा आगो लगाएका छन् । विराटनगर महानगरपालिका-२ का ३९ वर्षीय पवनकुमार कामतले मंगलबार साँझ ७:४० बजेतिर पेट्रोल खन्याएर आफैलाई आगो लगाएका हुन् ।

मोरङ प्रहरीका प्रवक्ता डीएसपी ज्ञानेन्द्रबहादुर बस्नेतका अनुसार घटना विराटनगर-७ हरियाली टोलमा भएको हो । आगोले शरीर जलेर कामत गम्भीर घाइते भएको जानकारी बस्नेतले दिए । उनका अनुसार कामतको शरीरको ७० प्रतिशत भाग जलेको छ । उनलाई उपचारका लागि कोशी अस्पतालमा भर्ना गरिएको प्रहरीले जनाएको छ । प्रहरीका अनुसार कामत केही समयदेखि पारिवारिक तनावमा रहेको पाइएको छ । केही दिनअघि पत्नीसँग समेत सम्बन्धविच्छेद भएको प्रहरीको भनाइ छ । डीएसपी बस्नेतले घटनाका सम्बन्धमा अनुसन्धान भइरहेको जानकारी दिए । अनुसन्धानपछि वास्तविकता पत्ता लाग्ने उनले बताए ।

# नेपाल नेदरल्याण्ड्ससँग ६ विकेटले पराजित



झापा(प्रस) । आईसीसी टी-२० विश्वकप क्रिकेटअन्तर्गत आफ्नो पहिलो खेलमा नेपाल पराजित भएको छ।

अमेरिकाको डालासस्थित ग्राण्ड प्रेरी स्टेडियममा भएको खेलमा नेपाल नेदरल्याण्ड्ससँग ६ विकेटले पराजित भएको हो।

नेपालले दिएको १ सय ७ रनको लक्ष्य नेदरल्याण्ड्सले ८ बल बाँकी छँदै ४ विकेट गुमाएर भेट्टायो।

उसका लागि म्याक्स ओडाउडले अर्धशतकीय पारी खेले । उनी ५४ रनमा अविजित रहे। विक्रमजित सिंहले २२ र साइब्राण्ड एन्जलब्रेटले १४ रन बनाउँदा कप्तान स्कट इडवार्डस् ५ रनमा आउट भए।

नेपालका सोमपाल कामी, दीपेन्द्रसिंह ऐरी र अविनाश बोहोराले एक-एक विकेट लिए।यसअघि टस हारेर पहिले ब्याटिङ गरेको नेपालले १९ दशमलव २ ओभरमा अलआउट हुँदै १ सय ६ रन बनाएको थियो। नेदरल्याण्ड्सलाई १०७ रनको विजयी लक्ष्य दिएको छ ।

नेपालका लागि कप्तान रोहित पौडेलले ३७ बलमा सर्वाधिक ३५ रन बनाए । उनले ५ चौका प्रहार गरे । करण केसीले १२ बल खेल्दै २ छक्काको सहयोगमा १७ रन जोडे । गुल्सन झाले १५ बलमा १ छक्का प्रहार गर्दै १४ तथा अनिल शाहले १२ बलमा २ चौकासहित ११ रन जोडे । अरु खेलाडीले दोहोरो अंकको स्कोर बनाउन सकेनन्।कुशल मल्ल ९, कुशल भुर्तेल ७, आसिफ शेख ४, दीपेन्द्रसिंह ऐरी एक रनमा आउट हुँदा सोमपाल कामी र अविनाश बोहरा शून्यमा आउट भए।

नेपाललाई सस्तैमा समेट्ने क्रममा नेदरल्याण्ड्सका लागि टिम प्रिन्जल र लोगन भान विकले समान ३ तथा पउल भान मिकेरन र बास डे लिडले समान २ विकेट लिए ।

# यी भारतीय कलाकारले जिते निर्वाचन

एजेन्सी । भारतीय लोकसभा चुनावमा यसपल्ट केही कलाकारसमेत विजयी भएका छन् । लोकसभा सदस्यमा निर्वाचित हुनेमा कंगना रनौतदेखि शत्रुघ्न सिन्हासम्म छन् ।

भारतीय जनता पार्टीबाट उम्मेदवार बनेकी कंगनाले कांग्रेस उम्मेदवार विक्रमादित्य सिंहलाई हराउँदै हिमाचल प्रदेशको मण्डी क्षेत्रबाट चुनाव जितेकी हुन् ।

त्यस्तै भारतीय जनता पार्टी , भारतीय राष्ट्रिय कांग्रेस हुँदै तृणमूल कंग्रेसमा आएका वरिष्ठ कलाकार शत्रुघ्न सिन्हाले पनि चुनाव जितेका छन् । सिन्हाले पश्चिम बंगालको आसन्सोल क्षेत्रबाट भाजपाका सुरेन्द्रजीत सिंह अहलुवालियालाई हराउँदै लोकसभा चुनाव जितेका हुन् । उनी २ वर्षअघि आसन्सोल क्षेत्रमा भएको उपचुनावबाट लोकसभा सदस्यमा निर्वाचित भएका थिए । सिन्हा अटल बिहारी वाजपेयी सरकारमा केन्द्रीय मन्त्रीसमेत बनेका थिए । त्यस्तै भोजपुरी सुपरस्टारका रूपमा परिचित मनोज तिवारीले पनि दिल्लीबाट चुनाव जितेका छन् । उत्तरपूर्वी दिल्ली क्षेत्रमा उनले कांग्रेस नेता तथा जेएनयू




छात्र संघका पूर्वसभापति कन्हैया कुमारलाई हराएका हुन् । त्यस्तै वरिष्ठ कलाकार हेमा मालिनी पुनः एकपल्ट उत्तर प्रदेशको मथुराबाट लोकसभा सदस्यमा निर्वाचित भएकी छिन् । उनले कांग्रेस उम्मेदवार मुकेश धनगरलाई झन्डै ३ लाख मतको अन्तरले हराएकी हुन् । त्यस्तै रामानन्द सागरको 'रामायण' मा मुख्य चरित्र निभाएका अरुण गोविल पनि भाजपाबाट लोकसभा सदस्य निर्वाचित भएका छन् । उत्तर प्रदेशको मेरठबाट उनले समाजवादी पार्टीकी सुनिता वर्मालाई करिब १० हजार मतान्तरले हराएका हुन् ।

त्यस्तै पछिल्लो समय 'लापता लेडिज' को अभिनयले निकै चर्चा कमाएका कलाकार रवीन्द्र शुक्ला अर्थात रवि किशन पुनः एकपल्ट लोकसभा सदस्यमा निर्वाचित भएका छन् । रवि किशन समाजवादी पार्टीकी काजल निशादलाई झन्डै १ लाख मतले हराउँदै गोरखपुर क्षेत्रबाट दोस्रो पल्ट सांसदमा विजयी भएका हुन् । त्यस्तै कलाकार तथा फिल्म निर्मातासमेत रहेका पवल कल्याण पनि आन्ध्र प्रदेशको विधानसभा चुनावमा निर्वाचित भएका छन् । उनी जनसेना पार्टीका प्रमुखसमेत हुन्। आन्ध्र प्रदेश विधानसभामा जनसेना पार्टी २१ सिटसहित दोस्रो ठूलो पार्टीका रूपमा खडा भएको छ । तर,भोजपुरी सुपरस्टार तथा आजमगढबाट भाजपा प्रत्यासी दिनेशलाल यादव पराजित भएका छन् । समाजवादी पार्टीका प्रत्यासी धर्मेन्द्र यादवले उनलाई हराएका हुन् ।

दिनेशलाल यादवले ३ लाख ४७ हजार २०४ मत पाउँदा धर्मेन्द्र यादवले ५ लाख ८ हजार २३९ मत ल्याएका छन् । त्यस्तै पूर्व क्रिकेटर तथा पश्चिम बंगालको बहरमपुरबाट भाजपा उम्मेदवार यूसुफ पठानले पनि जीत हासिल गरेका छन् । उनले कांग्रेसका अधीर रंजन चौधरीलाई ८५ हजार ३२८ मतले हराएका हुन् । यूसुफ पठानलाई ५ लाख २२ हजार ९७४ मत प्राप्त भएको थियो ।

## भद्रपुरको...

एसीयुक्त सभाहल र स्टोर रुम रहेको वडा सचिव रुद्रप्रसाद घिमिरेले जानकारी दिए । उनले वडा परिसरको सुरक्षाका लागि १६ वटा सिसी क्यामेरा पनि जडान गरिएको बताए ।पर्याप्त क्षेत्रसहितको सुविधासम्पन्न भवनबाट वडाबासीलाई सेवा प्रदान गर्न निकै सहज हुने वडाध्यक्ष कार्कीले बताए । 'निकै साँघुरो भाडाको घरबाट सेवा प्रवाह त्यति सहज थिएन', वडाध्यक्ष कार्की भन्छन् 'अब सहज रुपमा छिटो-छरितो ढङ्गबाट सेवा दिन सकिन्छ भन्ने विश्वास छ ।'

# समाजसेवी गोयलले ९ कैदीलाई गराए रिहा



भद्रपुर(प्रस) । सामान्य धरौटी रकमसमेत भुक्तान गर्न नसकेर लामो समयदेखि कारागारमा कैदी जीवन बिताइरहेका ९ जनालाई समाजसेवी दिनबन्धु गोयलले धरौटी रकम बुझाइ कैदमुक्त गराएका छन् । विभिन्न अभियोग लागेर अदालतले विगो वापतको रकम बुझाउनु भनी आदेश दिएको तर सामान्य धरौटी रकम पनि बुझाउन नसकेका झापाका विभिन्न पालिकाका कैदीहरुलाई सामान्य धरौटीमा छुटाएर सहयोग गरेको गोयलले बताए । झापा कारागारमा बुधवार भएको कार्यक्रममा ५ हजारदेखि २० हजारसम्म धरौटी तिर्न नसकेका कैदीहरुलाई जम्मा ९१ हजार रकम तिरेर रिहा गरिएको हो ।कार्यक्रममा अधिवक्ता सुरज खत्री, वैतनिक अधिवक्ता तारा बाह्रकोटी ,उद्योगीहरु विनय गोयल, दिपेश ढकाल, कारागार प्रमुख रेवन्त भट्टराई , मनोजकुमार लावतीलगायतको उपस्थिति रहेको थियो ।




नव सञ्चार गृह प्रा.लि.द्वारा प्रकाशित तथा नव सञ्चार अफसेटमा मुद्रित । कार्यालय : भद्रपुर बस स्टेण्ड पश्चिम, गजुरमुखीटोल, बिर्तामोड (झापा) । फोन नं.: ०२३-५४३८२० । इमेल : pratidin65@gmail.com । अध्यक्ष : युवराज दाहाल । सम्पादक : इन्द्रसिंह राजवंशी

## सम्पादकीय

### सहकारीको सही छानबिन होस्

सहकारी संस्था बचत रकम संसदीय छानबिन विशेष समितिले औपचारिकरूपमा आफ्नो काम सुरु गरेको छ।

बुधबार संसद भवन नयाँ बानेश्वरमा पहिलो बैठक बसेर समिति कार्य प्रारम्भ गरेको हो। पहिलो बैठकले समितिको आन्तरिक कार्यविधिको मस्यौदा तयार गर्न सचिवालयलाई जिम्मा दिएको छ ।

सभामुख देवराज घिमिरेको उपस्थितिमा बसेको बैठकमा समितिको कामलाई अघि बढाउने बिषयमा छलफल भएको छ । तीन महिनाको अवधिभित्रै समितिले गर्नुपर्ने कामलाई व्यवस्थित गर्दै अघि बढ्ने योजना छ।

संयोजक सूर्य थापाले दुई दिनभित्र कार्यविधि पारित गर्ने भन्दै समितिको कार्याविधि, कार्यक्षेत्रलगायत विषयमा कुनै विवाद नरहेको जिकिर गरे।

सहकारी संस्थाको बचत रकम हिनामिना गरेको विषयमा छानबिन गर्नका लागि जेठ १५ मा संसदीय विशेष समिति गठन गरिएको थियो । समितिमा एमालेकी सरिता भुसाल, कांग्रेसका ईश्वरी न्यौपाने र बद्री पाण्डे, माओवादीका लेखनाथ दाहाल, रास्वपाका शिशिर खनाल र राप्रपाका ध्रुवबहादुर प्रधान सदस्य रहेका छन् ।

समितिले आगामी शुक्रबार आन्तरिक कार्यविधि र कार्ययोजनाको मस्यौदा पेस गर्न समिति सचिवालयलाई भनेको छ । नयाँ बानेश्वरस्थित संघीय संसद् भवनमा बसेको समितिको पहिलो बैठकले दुई दिनभित्रमा समितिको आन्तरिक कार्यविधि र कार्ययोजनाको मस्यौदा तयार गर्न समिति सचिवालयलाई भनेको हो ।

समितिको पहिलो बैठकमा सभामुख घिमिरेले प्रतिनिधिसभाबाट पारित समितिको कार्यादेश, राजनीतिक दलहरूका बीचमा भएको सहमति, कार्यक्षेत्र र अनुसूचीमा समावेश भएका सहकारीको नामावलीसहितको दस्तावेज समिति सभापति सूर्य थापालाई हस्तान्तरण गरेका थिए ।

समितिलाई संसद्ले तीन महिनाभित्र छानबिनको कार्य सम्पन्न गर्न सीमा दिएको छ । तीन महिनाभित्रै काम सम्पन्न गर्नका लागि समितिले रातदिन नभनी काम गर्ने जनाएको छ । कार्यादेशको मातहतमा बसेर समयभित्रै काम पूरा गर्नेसमेत जनाइएको छ । समितिले सहकारी ठगहरूलाई कारबाहीको सिफारिस, सहकारी पीडितहरूलाई न्याय निरुपण गर्नका लागि सिफारिस गर्न सक्नु पर्छ । चाहे उपप्रधान तथा गृहमन्त्री रवि लामिछाने नै किन नहोस् । समितिले निष्पक्ष र निडर भएर काम गर्न सकोस् । उही सहकारीपीडित र विपक्षी कांग्रेसको आन्दोलन मत्थर पार्नेगरी समितिको काम कार्वाही झारा टार्ने खालको नहोस् ।




# कस्तो हुनुपर्दछ उन्नत लोकतन्त्रको अभ्यास ?



• कृष्ण हुमागाँई

वर्तमान दुनियाँको उन्नत शासन प्रणाली भनेकै जनताद्वारा, जनताका लागि, जनताले गर्ने शासन हो र यही शासन नै लोकतन्त्र हो । यो लोकतन्त्र पनि समावेशी लोकतन्त्र, पूर्ण लोकतन्त्र, समाजवादी लोकतन्त्र, सन्तुलित लोकतन्त्र, न्यायपूर्ण लोकतन्त्रको रुपमा परिभाषित हुने गरेको पाइन्छ ।

लोकतन्त्र शब्द नै अंग्रेजीको डेमोक्रेसी हो र लोकतन्त्रवादी हुनु भनेको डेमोक्र्याट हुनु हो । डेमोक्र्याट हुनु भनेको कुनै पनि प्रकारको एकाधिकार वा अधिनायकवादलाई अस्विकार गर्नु पनि हो । तर हामीकहाँ सामन्ती राजतन्त्रको निरन्तरताको माग गर्ने, हिजोका दिनमा प्रजातन्त्र, लोकतन्त्र चाहिँदैन भन्ने, लोकतन्त्रवादीलाई दमन गर्नेहरुदेखि कुनै एउटा वर्ग, जाति वा पार्टीको अधिनायकवादी शासनको वकालत गर्नेहरु पनि आफूलाई लोकतन्त्रवादी हुँ भन्छन् । उनीहरुले पनि यो संसदीय लोकतन्त्रमा भाग लिएका छन् ।

लोकतन्त्रको सुविधा र अवसर लिएका छन् । तर उनीहरु यो लोकतन्त्रको संस्थागत विकासमा कति इमान्दार छन् ? महत्वपूर्ण प्रश्न यो हो । लोकतन्त्रलाई उपभोग र उपयोग मात्र गर्नेहरु लोकतन्त्रका असली हिमायती हुन सक्दैनन्, होइनन् ।

लोकतन्त्र बिधिको शासनले चल्छ ।

सबै कुरा बिधिअन्तर्गत नै हुन्छ, नियम र नीतिबिपरित कुनै प्रकारको बाधा, अड्चन, असुविधा नागरिकले ब्यहोर्नु पर्दैन लोकतन्त्रमा । घुस, लिनु-दिनु वा नाजायज तरिकाले कुनै काम गर्नु गराउनु हुँदैन लोकतन्त्रमा । संसारका सभ्य र असल मानिसहरु भएको देशमा मात्र लोकतन्त्र संस्थागत भएको हुन्छ, बलियो लोकतन्त्रमा मात्र नागरिक अधिकारको सुनिश्चितता हुन्छ । असभ्य मानिस भएको मुलुक र अनुदार शासकले संचालन गरेको शासनमा लोकतन्त्र कमजोर हुन्छ, त्यहाँ जनताले सुख पाउँदैनन् । कुनै एउटा बंश परम्परा वा कुनै निश्चित जाति वा वर्गको अधिनायकवादी शासनको परिकल्पना र सोच भएकाहरु, त्यस्तै बर्बरतामा रमाउन चाहनेहरु कहिल्यै लोकतन्त्रवादी थिएनन्, होइनन् र हुँदै हुँदैनन् । बाध्यताले, उनीहरुले चाहेजस्तो शासन प्रणाली नभएका कारणले संसदीय लोकतन्त्र स्वीकार गर्न आइपुगेकाहरुले यो मुलुकको लोकतन्त्रलाई संस्थागत विकास गरिदेलान् अनि राष्ट्र र जनताको उन्नति, प्रगति, समृद्धि होला भनेर ठान्नु झन् मुर्खता हुनेछ ।

लोकतन्त्र असल मानिसले असल मानिसको सेवा गर्ने राज्य ब्यवस्था हो । यो कसैले कसैमाथि शासन गर्ने, शासन लाद्ने ब्यवस्था होइन । लोकतन्त्रमा जनताले आफ्ना लागि आफैं आफ्नो प्रतिनिधि रोज्ने, चुन्ने, छान्ने गर्छन् । आफूले रोजेको जनप्रतिनिधिले जनचाहनाअनुरुप काम गर्न नसकेमा वा नगरेमा जनताले त्यस्तो प्रतिनिधिलाई अर्को चुनावबाट बिदा गर्न सक्छन् हाम्रो मुलुकमा । उन्नत लोकतन्त्रका अभ्यास गरिरहेका संसारका कतिपय देशहरुमा आफूले चुनेको प्रतिनिधिले जनइच्छाबिपरित काम गरेमा फिर्ता बोलाउने गरिन्छ । जसलाई राइट टु रिजेक्ट र राइट टु रिकल भन्ने गरिन्छ । मतदानबाट चुनिएका, छानिएका प्रतिनिधिलाई मतदानबाटै फिर्ता बोलाउने, बिदावारी गर्ने अधिकार पनि हुन्छ । यस्तो बिधि राखिनु हामीकहाँ पनि किन आवश्यक छ भने यो बिधिले प्रतिनिधिलाई जनताकाप्रति बढी उत्तरदायी बनाउनेछ । मैले जनताको हितका लागि इमान्दार भएर काम गरिन भने मलाई जनताले फिर्ता बोलाउन सक्छन् भन्ने भएपछि जिम्मेवार भएर काममा खट्छ भन्ने मान्यता राखिएको हुन्छ । यो जायज पनि छ ।

यस्तो हुनुपर्दछ समावेशी लोकतन्त्र

हाम्रो लोकतन्त्रमा समावेशीता र पहिचानको कुराले पनि स्थान ओगटेको छ । समावेशीता र पहिचान जातका आधारमा कि जनमतका आधारमा भन्ने बहस पनि त्यतिकै छ । लोकतन्त्रमा जनमतको ठूलो महत्व र अर्थ रहेको हुन्छ । बहुसंख्यक जनता के चाहन्छन्, त्यही हो लोकतन्त्र । यी दुवै कुरा जनमतका आधारमा हुनुपर्दछ । पहिचान भनेको कुनै एउटा जातिको हुने ,अरुको नहुने भन्ने हुँदैन । जाति ब्यवस्था, वर्ण ब्यवस्था वा वर्ग ब्यवस्था पुरातन रुढ ब्यवस्था हो । यसले सर्वजनहिताय गर्न सक्दैन । निश्चित जाति वर्ग र वर्णको मात्र हित गर्दछ, अरुलाई निषेध गर्दछ । जाति हुनका लागि भाषा, लिपी, र संस्कृति हुनुपर्दछ । संस्कार, परम्परा, कला, साहित्य, गीत, संगीत, परम्परा, खाद्य परिकार र प्रचलनहरु त संस्कृतिभित्रै पर्दछन् । समावेशी प्रतिनिधित्वका लागि जातीय जनसंख्याका आधारमा राज्यका निकायहरुमा समानुपातिक प्रतिनिधित्व प्रणालीलाई नै समावेशी लोकतन्त्र भन्ने गरेको पनि पाईन्छ । के यही मात्र हो त समावेशी लोकतन्त्रको मोडल ? होइन । हामीकहाँ पहिलो हुने निर्वाचित हुने प्रणाली लागू गरिएको छ । एक मत बढी आउँदा पनि जित हुन्छ, मत बराबरी भएमा चिठ्ठा तानेर पनि बिजयी भएको घोषणा गरिन्छ । यो प्रविधिक खालको जित मात्र भयो । उत्तिकै जनमत भएकोले पाँच वर्ष बाहिर पर्नुपर्ने अवस्थाले जनमतको सम्मान गर्न सकेन भन्ने आवाज पनि उठ्ने गरेको छ ।

यसका लागि प्रतिनिधिसभा र प्रदेशसभाको चुनावमा भाग लिएका उम्मेदवारहरुमध्ये पहिलो र दोस्रो हुनेका बीचमा पुनः मतदान गराएर जसले खसेको मतको ५१ प्रतिशत ल्याउँदछ उही उम्मेदवार मतका आधारमा पाँच बर्षलाई भाग गरेर जति दिन सांसद हुने हो, त्यति दिन दामाशाहीले अघिल्लो समयका लागि पदावधि तोकिनु उचित हुन्छ । नत्र पराजित हुनेहरुले पाएको मत चाहिँ बहुमत हुने अनि अल्पमत पाउनेले बहुमतवालाहरुमाथि शासन गरिरहेको हुन्छ । अहिले पनि कतिपय निर्वाचन क्षेत्रहरुमा जित्नेको भन्दा हारेकाहरुले पाएको मत जोड्दा बढी देखिएको छ । नेपाली कांग्रेस पार्टीले त सभापति पदमा प्रतिस्पर्धा गर्नेहरुमध्ये ५१ प्रतिशत मत नकटाउने सभापतिमा निर्वाचित हुन नपाउने बिधानमै ब्यवस्था गरिसकेको छ । एकै पटकमा ५१ प्रतिशत आएन भने पहिलो र दोस्रो मत ल्याउनेकाबीचमा पुनः चुनाव गराएर छिनोफानो गर्दै आएको छ, तेह्रौं महाधिवेशनदेखि नै । यसरी हुने चुनावमा कागजको मतपत्र (ब्यालेट) होइन बिद्युतीय भोटिङ मेसिनको प्रयोगबाट चुनाव गराइनु पर्छ । अघिल्लो दिनको चुनावको नतिजा आइसक्दा लगत्तै भोलिपल्टै पुनः पहिलो र दोस्रो हुने उम्मेदवारकाबीचमा प्रतिष्पर्धा गराएर भोटिङ मेशिनको प्रयोगबाट टुङ्गोमा पुग्न सकिन्छ । यसमा मत बराबरी हुनेको हकमा को अघिल्लो समयका लागि भन्ने सवालमा मात्र चिठ्ठा तानिनु पर्दछ । सरकार पनि पहिलो हुने पार्टीले सांसद संख्याका आधारमा पाँच वर्षलाई भाग गर्दा जति बर्ष, महिना र दिन चलाउन पाउँछ, दोस्रो हुने दलले पनि त्यही आधारमा सरकार चलाउने समयसारिणी निर्धारण गरिनु उचित हुन्छ । यस्तोमा पाएको जनमतको आधारमा सांसदहरुको कार्याविधि (पदावधि समय) निर्धारण गरिनु पर्दछ । यसो भयो भने चुनावमा भाग लिने पहिलो र दोस्रो हुने सांसदका उम्मेदवारहरु पालैपालो संसद्मा पुग्नेछन् । पहिलो र दोस्रो हुने दलबाट अघिल्लो पटकका लागि चुनिएका सांसदहरु मतका आधारमा समय सकिएर स्वाभाविक रुपमा बिदा भएपछि दोस्रो हुने उम्मेदवार स्वतः सांसदमा निर्वाचित भैहाल्छ । निर्वाचन आयोगले अघिल्लो समयका लागि निर्वाचितलाई बिजयीको प्रमाणपत्र दिएकै दिन मतका आधारमा पाँच वर्षलाई दिनगन्ती भाग गरेर पछिल्लो समयको बिजयी भनेर मिति नै उल्लेख गरेर दोस्रो हुनेलाई पछिल्लो समयको लागि निर्वाचित भएको प्रमाणपत्र दिने ब्यवस्था मिलाइनु पर्दछ । जनमतका आधारमा यो बिधिमात्र पूर्ण समावेशी लोकतान्त्रिक प्रणाली हुनजान्छ ।

यसो हुन सक्यो भने जनमतको पूर्ण कदर हुनसक्छ । थोरै मतले पछि परेको उम्मेदवार जसले पहिलो हुनेले ल्याएकै हाराहारी मत पाएर पनि जनप्रतिनिधि हुनबाट बञ्चित हुनु पर्दथ्यो, त्यो अवस्थाको अन्त्य हुनेछ भने जनमतको आधारमा पहिलो र दोस्रो हुनेले पालैपालो संसदमा प्रतिनिधित्व गरेर आफ्नो क्षमता प्रदर्शन गर्न पाउनेछन् । निर्वाचित सांसद् संख्याका आधारमा पहिलो हुने दलका अघिल्लो समयका लागि निर्वाचित सांसद् मध्येबाट मन्त्रिमण्डल गठन हुनेछ भने दोस्रो हुने दलको तर्फबाट पछिल्लो समयावधिका लागि निर्वाचित भएका सांसदहरुमध्येबाट सरकार बन्नेछ । यो नै पूर्ण लोकतन्त्र, समाजवादी लोकतन्त्र, सन्तुलित लोकतन्त्र, र न्यायपूर्ण लोकतन्त्रको अभ्यास हुनसक्छ । जनताले दिएको मतको सम्मानका लागि पनि यसो हुनसक्यो भने राजनैतिक स्थिरता हुनसक्छ । सत्ता र प्रमुख प्रतिपक्षकाबीचमा सरकार निर्माणका सवालमा हुने गरेको फोहोरी राजनैतिक खेलको पनि स्वाभाविक रुपमा अन्त्य हुनेछ यो बिधि अवलम्बन गरेको खण्डमा । र, यो समानुपातिक मनोनितमा दलहरुले सांसद मनोनित गर्ने प्रणालीलाई पुरै खारेज गरेर जसका लागि समानुपातिक सिट लक्षित गरिएको हो, त्यही लक्षित वर्ग र समुदायबाटै प्रतिनिधि छनौट गर्न उनीहरुबीचमै प्रत्यक्ष चुनाव गराउन निर्वाचन क्षेत्र निर्धारण गरिनु उचित हुन्छ । एक पटकका लागि आरक्षित निर्वाचित क्षेत्र अर्का पटक खुल्ला निर्वाचन क्षेत्र हुनुपर्छ र एक पटक आरक्षण सिटमा टिकट पाएको ब्यक्तिले फेरि त्यसमा टिकट पाउनु हुँदैन, अनि मात्र श्रीमती, साला-साली, छोरा-भतिज, सम्धी-सम्धीनी, आफन्त र पैसा बुझाएर सांसद पद किन्न पल्केकाहरु पनि साइजमा आउँछन् । टिकट पाइहाले पनि जनताबाट निर्वाचित भएर आउनु पर्ने भएकोले समानुपातिकभित्र देखिएको बिकृति नियन्त्रणमा आउँछ ।

समाजवादका लागि त राज्यले धनी पूँजीपतिहरुसँग केही सुविधा दिएर अधिकतम् कर लिने नीति लिनुपर्दछ र बिपन्नहरुको शिक्षा, स्वास्थ्य र रोजगारीको सम्पूर्ण जिम्मा लिनुपर्दछ । लोकतान्त्रिक समाजवादको बाटोमा सबै सहमत भएको हो भने नेपालले अब राजनैतिक कोर्ष परिवर्तनका लागि पटक-पटक नयाँ, नयाँ अभ्यासहरु गरिरहनु जरुरी छैन । निर्वाचन प्रणालीमा सुधार गरे पुग्छ । हैन, लोकतन्त्रलाई उपयोग र उपभोग मात्र गरेको हो र आफ्नो जडसूत्रवादी अधिनायकवादी गन्तब्यका लागि भित्री योजना हो भने नेपालमा कहिल्यै शान्ति र स्थिरता आउँदैन । अनि आर्थिक रुपमा रुग्ण र जर्जर भएको देशको अस्तित्व र अस्मिताको कसैले रक्षा पनि गर्न सक्दैन ।

राजनैतिक स्थिरताका लागि वैचारिक ध्रुविकरण आवश्यक

सैद्धान्तिक विचार र आस्थाबिनाको राजनीतिले स्वार्थको बाटो पहिल्याउँछ । स्वार्थले द्वन्द्व निम्त्याउँदछ । द्वन्द्व वैचारिक नभइ हिंसात्मक भइदियो भने देश बर्बादीको खाडलमा पर्दछ । यसको ज्वलन्त उदाहरणहरु त हाम्रै मुलुक लगायत हिंसाको चपेटामा परेका विश्वका अन्य मुलुकहरुका इतिहासलाई हेर्दा थाहा भइहाल्छ । त्यसैले लोकतन्त्रमा राजनीति वैचारिक आस्थाका आधारमा हुने गर्दछ र हुनुपर्दछ । अरु मुलुकमा लोकतन्त्रवादीले लोकतन्त्रवादीसँगै प्रतिष्पर्धा गर्नुपर्छ भने हामीकहाँ गैरलोकतन्त्रवादी, अधिनायकवादी, राजावादी, जातिवादी, नश्लवादी सबैसँग लोकतन्त्रवादीले संघर्ष गर्नु परिरहेको छ । शितयुद्धताका विश्व राजनीति दुई ध्रुवमा बिभाजित थियो । कम्युनिष्टहरुको सर्वहारा वर्गको अधिनायकत्ववादी शासन र पूँजीपति, पूँजीवादीहरुको सामन्ती सत्ता । यहीबीचबाट नवउदारवादी पूँजीवाद र लोकतान्त्रिक समाजवादको उदय भएको पाइन्छ । एकतन्त्रीय कम्युनिष्ट सत्ता र धनी पूँजीपति वर्गको सामन्ती सत्ता दुवैले आम नागरिकको हित गर्न नसक्ने भएकोले नवउदारवादी पूँजीवाद र प्रजातान्त्रिक समाजवाद नै आजको दुनियाँको उन्नत शासन प्रणाली सावित भएको छ । पूँजीवादी मुलुकहरुले पनि आफ्नो राष्ट्र र जनताको हितका लागि काम गर्दै आएका छन् । तर त्यहाँ राज्यको सम्पूर्ण स्रोत र साधनमा सीमित पूँजीपति वर्गको मात्र स्वामित्व कायम हुने हुँदा राजनीति ठूला घराना र पूँजीपतिको कब्जामा पर्ने खतरा रहिरहन्छ । तर लोकतान्त्रिक समाजवादमा भने उत्पादन र बितरणको सन्तुलित बिधि अवलम्बन गरिएको हुँदा राज्यले नै सबै प्रकारका स्वतन्त्रतासहित आफ्ना नागरिकमा खुसीयालीसहितको समानताको नीति अघि बढाएको हुन्छ ।

नेपालको सन्दर्भमा संविधानमै समाजवाद उन्मुख राष्ट्र भनेर उल्लेख गरिएको भएता पनि कम्युनिष्ट नामधारी पार्टीहरुले भन्ने गरेको समाजवाद र नेपाली काँग्रेसले भन्ने गरेको समाजवादकाबीचको अन्तर के हो ? भन्ने बिषयमा मसिनो गरी बहस र छलफल भएको पाइदैन । शासनसत्ता बन्दुकको नालबाट प्राप्त हुन्छ भन्ने सैद्धान्तिक मान्यताबाट प्रशिक्षित भएका, वर्ग संघर्षको माध्यमबाट सर्वहारा वर्गको अधिनायकत्वका लागि ब्यक्तिहत्या र सशस्त्र द्वन्द्व गरेर शान्तिपूर्ण राजनीतिमा आइपुगेका कम्युनिष्टहरुको साँच्चिकै लोकतान्त्रिकरण भएको हो कि होइन ? मुख्य सवाल यो छ । त्यसैले नेपालको सन्दर्भमा मुख्यतः दुईवटा राजनैतिक धारले प्रतिनिधित्व गरेको अवस्था छ । एउटा लोकतान्त्रिक धार र अर्को बामपन्थी-दक्षिणपन्थी धार । लोकतान्त्रिक धारको नेतृत्व नेपाली कांग्रेसले गर्दछ भने बामपन्थी-दक्षिणपन्थी धारको नेतृत्व कम्युनिष्ट नामधारी एमाले, माओवादीले गर्दछन् । त्यसैले अब मुख्यतया दुईवटा वैचारिक धारको उपस्थिति भएको नेपालको राजनीतिमा बिभिन्न नामका राजनीतिक खुद्रा पसल चलाउनुभन्दा आफूले अँगालेको जुन विचार हो, त्यही धारमा ध्रुविकृत, एकीकृत र समाहित हुँदै जाँदा मुलुकमा राजनैतिक स्थिरता हुँदैजान्छ ।

यसका लागि बामपन्थी-कम्युनिष्ट नामधारी र त्यो विचार नजिककाहरु ध्रुविकृत भएर एमाले माओवादी कित्तामा संगठित हुँदैजाने र गैर कम्युनिष्टहरु नेपाली काँग्रेसको शितल छहारीमा गोलबद्ध हुँदै अघि बढ्ने हो भने बेलायत र अमेरिकामा जस्तै दुईदलीय ब्यवस्थाको विकास हुन्छ र यसले राजनैतिक स्थिरता ल्याउँदछ । बेलायतमा लेबर (वकर्स) पार्टी र कन्जरभेटिभ पार्टी तथा अमेरिकामा रिपब्लिकन र डेमोक्र्याटबीचमा प्रतिस्पर्धा हुन्छ । जनताले यिनै पार्टीहरुलाई मत दिन्छन् र एउटालाई सरकारमा पुऱ्याउँदछन् भने अर्को बलियो प्रतिपक्षमा बस्दछ । एक पटक एउटा पार्टी सरकारमा पुग्यो भने अर्को पटक अर्कै पार्टी पुगेको हुन्छ । यदाकदा एउटै पार्टी चुनाव जितेर सरकारमा दोहोरिन पनि सक्दछ । त्यसैले मार्क्स, एगेल्स, लेनिन, स्टालिन, माओ, गोन्जालो, चे ग्वेबरा, रोजा लक्जेबर्स, फिडेल क्याष्ट्रो, किमजोङ, चारु मजुमदार र कानू सन्याल आदिलाई मान्ने र बिदेशी नेताको फोटो र बिदेशी पार्टीको झण्डा राख्ने , बोक्नेहरु एक ध्रुवमा अनि आफ्नै मौलिक झण्डा भएका, बिदेशी नेताको फोटो तस्विर पार्टी कार्यालय र कार्यक्रमहरुमा नराख्नेहरुको अर्को ध्रुवमा संगठित नभएसम्म नेपालको राजनीति सङ्लिन सक्दैन । यहाँ राजनीतिक स्थिरता पनि कायम हुन सक्दैन । नत्र यो भागबण्डा गठबन्धनको राजनीतिले देशलाई कंगाल र शासकीय प्रणालीलाई कुरुप बनाइरहन्छ । दलहरु आ-आफनो विचार मिल्ने समूहमा संगठित र गोलबद्ध बन् । आगामी संसदीय चुनावमा दुई ध्रुवका बीचमा प्रतिस्पर्धा होस् र मुलुकले स्थिर सरकार अनि राजनैतिक स्थिरता पाओस् ।

स्थानीय तहमा गैरदलीय उम्मेदवारी र प्रतिस्पर्धा

नेपालको संविधानले संघ, प्रदेश र स्थानीय तह गरेर तीन तहको सरकारको ब्यवस्था गरेको छ । यो अवधारणाअनुसार संघ र प्रदेशमा संसदीय अभ्यास कार्यान्वयनमा आएको छ भने स्थानीय तहमा अलिक फरक ब्यवस्था गरिएको छ । संघ र प्रदेशमा बहुमतको सरकार र अल्पमतको प्रतिपक्षको ब्यवस्था गरिएका छ । स्थानीय तहमा सत्ता र प्रतिपक्षको बैधानिक ब्यवस्था त छैन । तर, दलहरुले संघ र प्रदेशकै जस्तो अभ्यास गर्न खोजिरहेका छन् । जसका कारण गाउँ नगर अधिवेशनहरु समयमै नहुने, अनेक बाधा-बिरोधहरु आउने समस्याहरु देखिएका छन् । पालिका प्रमुखहरु कार्यकारीजस्तै भएपनि कार्यपालिकामा बहुमत नहुँदा निर्वाचित पालिका प्रमुखहरुलाई कतिपय सवालमा कार्यसम्पादन गर्न कठिनाई हुने गरेको छ । पालिका प्रमुख कुनै एक दलबाट निर्वाचित भएको र कार्यपालिकामा अर्कै दलबाट निर्वाचित प्रतिनिधिको बहुमत भएको अवस्थामा अहिले कतिपय पालिकाहरुमा कार्यसम्पादनमा समस्या देखिएको छ ।

स्थानीय सरकारको मन्त्रिमण्डलजस्तै भूमिकामा रहेको कार्यपालिकामा बैधानिक सत्तापक्ष र प्रतिपक्षको ब्यवस्था नभएको अवस्थामा पनि संघ र प्रदेशकै सिको गरेर जुन अवैधानिक अभ्यासहरु भइरहेका छन्, यसले विकास निर्माण र जनसरोकारका काममा कठिनाई उत्पन्न भइरहेको जनप्रतिनिधिहरु नै बताउँछन् । स्थानीय तहमा दलीय राजनीतिको अस्वस्थ प्रतिस्पर्धाले विकासका काममा बाधा नपुगोस् भनेर नै संघ र प्रदेशमा जस्तो सत्ता र प्रतिपक्षको ब्यवस्था नगरिएको होला ? तसर्थ स्थानीय तहको चुनावमा दलीय आधारमा उम्मेदवार बन्ने प्रणालीको सट्टामा स्वतन्त्र रुपमा दलविहीन उम्मेदवारी मनोनयन गर्ने कानूनी ब्यवस्था गरिनु उपयुक्त हुन्छ । उठेका उम्मेदवारहरुमध्ये एक वा एकभन्दा बढी दलले कुनै पनि उम्मेदवारलाई समर्थन गर्न सक्छन् । उनीहरुलाई मतदान गरी बिजयी गराउन जनतामा अपिल पनि गर्न सक्दछन् । तर चुनाव चिन्ह भने दलीय आधारमा उम्मेदवारलाई बितरण गरिनु हुन्न । स्वतन्त्र चुनाव चिन्हमा उठेका उम्मेदवारले दलीय दवाव र प्रभावमा परेर कुनै पनि काम गर्नुपर्ने छैन, यसरी स्वतन्त्ररुपमा उम्मेदवारी मनोनयन दर्ता गरेर सबै उम्मेदवारले चुनाव लड्ने ब्यवस्था भएको खण्डमा दलीय दवाव र प्रभाव स्थानीय सरकारमा पर्ने छैन । दलबाट टिकट लिएर चुनाव लडने ब्यवस्थालाई कायम राख्ने हो भने कि त संघ र प्रदेशकै जस्तो बहुमत पुऱ्याउने सत्ता र अल्पमतको प्रतिपक्ष हुने ब्यवस्था स्थानीय तहमा पनि कायम गरिनु पऱ्यो, होइन भने स्वतन्त्र रुपमा उठेका उम्मेदवारहरुले चुनाव लड्ने र गाउँ नगर पालिकाहरुको विकास, निर्माण र जनसरोकारका कामहरु पनि स्वतन्त्र ढङ्गले गर्न पाउने अवस्था सिर्जना गरिनु पऱ्यो । होइन, उम्मेदवारी चाहिँ दलीय आधारमा दिने, दलको टिकटमा उम्मेदवार हुने, दलीय आधारमा चुनावी प्रतिस्पर्धा पनि हुने तर पालिका संचालन बिधिमा भने संघ र प्रदेशभन्दा फरक अभ्यासले बहुदलीय प्रतिस्पर्धाको सही प्रयोग भएन । दलीय आधारमा टिकट बाँड्ने र चुनावी प्रतिस्पर्धामा जाने हो भने कार्यपालिका (स्थानीय सरकार) पनि बहुमत र अल्पमतको आधारमा हुनु पऱ्यो । होइन भने स्वतन्त्र रुपमा उम्मेदवारी दिएर निर्वाचित भएका वडाध्यक्षहरुमध्येको मतदानबाट वडा सदस्यमा निर्वाचित प्रतिनिधिमध्येबाटै पालिका प्रमुख र उप-प्रमुखको छनौट हुने ब्यवस्था गरिनु पऱ्यो । वडामा पनि पाँचजना प्रतिनिधि चुनावबाट निर्वाचित हुने र ती पाँच मध्येबाट एक वडाध्यक्ष छनौट हुने ब्यवस्था गरिनु पर्दछ । त्यसो हुँदा पालिका प्रमुख र उप-प्रमुखमा निर्वाचित हुनुहुने एक पुरुष र एक महिला वडा सदस्यको पद रिक्त हुन आउँछ । त्यो स्थानमा पालिकाले तत्कालै उप चुनाव गराएर रिक्त पदपूर्ति गर्नसक्दछ । यो बिधिमा जान सकेमा स्थानीय स्तरमा राजनीतिक खिचातानी नहुने र समाजमा प्रतिष्ठा कमाएका समाजसेवीहरु पनि प्रतिष्पर्धा आएर जनताको सेवामा क्रियाशील हुने स्थिति देखिन्छ । (नेपाली कांग्रेस झापाको सचिव हुन् )

# घट्यो मोदी क्रेज

एजेन्सी । एक दशकदेखि सत्ताको नेतृत्व गर्दै आएका भारतीय प्रधानमन्त्री नरेन्द्र मोदीको भारतीय जनता पार्टीले बहुमत हासिल गर्न सकेन । मोदीको शक्तिलाई लोकसभा चुनावको परिणामले लगाम लगाएको हो । मोदीको नेतृत्वमा भारतीय जनता पार्टी (भाजपा) ले लगातार दुई पटक बहुमत ल्याउन सफल भएको थियो । तर, यो चुनावमा भने मोदी र भाजपा नेताहरूले अपेक्षा गरेविपरीत परिणाम आएको छ । भारतको तल्लो सदन लोकसभामा भाजपा बहुमतभन्दा ३२ सिट टाढा रहनुले २०२४ को चुनावमा मोदीको जादुले काम नगरेको पुष्टि भएको छ ।

पछिल्लो १० वर्षमा भारतमा जताततै 'मोदी-मोदी' ब्रान्डिङ गरिएको थियो । उनीमाथि धार्मिक ध्रुवीकरण तथा अल्पसंख्यक मुसलमानमाथि भेदभाव गरेको आरोप लाग्दै आएको थियो । तर त्यसका बाबजुद पनि उनको लोकप्रियता नघटेको सर्वेक्षणहरूले देखाएका थिए । समर्थकहरूले उनलाई 'वैश्विक राजनेता' को पगडी भिराएका थिए । उनलाई साधारण मानिसभन्दा पनि अलौकिक क्षमता भएको व्यक्तिका रूपमा चिनाउन थालिएको थियो । मोदी स्वयंले चुनाव प्रचारका क्रममा 'आफूलाई परमात्माले विशेष जिम्मेवारी दिएर पठाएको अनुभव गरेको' अभिव्यक्ति दिएर अन्यभन्दा आफूलाई फरक देखाउने कोसिस गरेका थिए । सरकार तथा भाजपाको सम्पूर्ण संयन्त्र पछिल्लो दस वर्ष मोदीको 'ब्रान्डिङ' मा प्रशस्तै धन खर्चिंदै आएको थियो ।

'नरेन्द्र मोदी- द म्यान, द टाइम्स' पुस्तकका लेखक नीलाञ्जन मुखोपाध्याय २०२४ लोकसभा चुनावको परिणाम मोदीका लागि अहिलेसम्मको राजनीतिक करिअरमा पहिलो 'पर्सनल' झट्का भएको बताउँछन् । उनले २०१९ मा लोकप्रियताको 'पिक प्वाइन्ट' पुगेका मोदी त्यहाँबाट अब ओरालो यात्रामा झर्न थालेको टिप्पणी गरे । 'मोदीको ग्यारेन्टी' को नाराले जनताको पूर्ण समर्थन नपाएकोबाट उनको लोकप्रियता र छवि कमजोर भएको पुष्टि भएको मुखोपाध्यायको बुझाइ छ ।

मोदी सन् २०१४ मा प्रधानमन्त्री भएयता कहिल्यै कमजोर देखिएनन् । २०१९ को लोकसभा चुनावले उनको लोकप्रियता अझै बढायो । उनको १० वर्षे कार्यकालमा मानवअधिकार, प्रेस तथा अभिव्यक्ति स्वतन्त्रताको सूचकांकमा भारत खस्कँदै गयो । विपक्षी दलका कैयौं शीर्ष नेताहरूलाई भ्रष्टाचारको आरोपमा जेल पठाइयो । विदेशी मिडियाहरूले मोदीको कार्यशैलीप्रति प्रश्न उठाउँदै समाचार र टिप्पणी लेखे पनि भारतीय मिडिया जगत मोदीका अगाडि नतमस्तक बन्दै आयो । मोदीमाथि प्रश्न उठाउने वा उनको आलोचना गर्ने साहस भारतको अधिकांश मिडियाले गुमाएको स्थिति छ । केन्द्रदेखि अधिकांश प्रदेशमा भाजपाले सरकार चलाइरहेका बेला मोदीको शक्ति क्षीण भएको छ ।

दैनिक ट्रिब्युनका पूर्वसम्पादक एवं राजनीतिक विश्लेषक राजकुमार सिंह चुनावी नतिजाले प्रधानमन्त्री मोदीको लोकप्रियतामा ह्रास आएको स्पष्ट सन्देश दिएको बताउँछन् । '१० वर्षयता लोकप्रियताको उचाइमा पुगेका मोदीको लोकप्रियताको ग्राफ घटेको छ,' उनले भने, 'चुनावी नतिजाले सबैभन्दा नोक्सान कसैलाई भएको छ भने त्यो मोदीको इमेजलाई नै हो ।'

भारतको ५ सय ४३ सदस्यीय लोकसभामा मोदी नेतृत्वको भाजपाले अघिल्लो दुई चुनाव (२०१४ र २०१९) मा एक्लैले बहुमत ल्याएको थियो । २०१४ मा २८२ सिट र २०१९ मा ३०३ सिट हात पारेको थियो । सरकार बनाउन चाहिने सामान्य बहुमत २ सय ७२ सिट हो । भाजपा नेतृत्वको राष्ट्रिय जनतान्त्रिक गठबन्धन (एनडीए) को २०१४ मा ३३६ र २०१९ मा ३५२ सिट आएको थियो । लगातार दुई वटा चुनावमा पाएको मतबाट हौसिएका मोदीले यस पटक चुनावी नतिजाको लक्ष्य बढाएका थिए । भाजपा एक्लैले ३७० र एनडीएले ४०० सिट ल्याउने उनले लक्ष्य लिएका थिए । मोदीको 'अबकी बार चार सय पार' को नाराले भाजपामा सिंगो कार्यकर्ता पंक्तिलाई उत्साहित गरेको थियो । मोदीले उच्च महत्त्वाकांक्षा र जितको आत्मविश्वास देखाएका थिए ।

तर मोदी तथा भाजपाले 'पोलिटिक्स टिम गेम' हो भन्ने अवधारणाबाट हटेर एउटै खेलाडीलाई हरेक पटक खेल जितेर ल्याउने जिम्मेवारी दिँदा परिणाम सोचेजस्तो आएको छैन । मतगणनालगत्तै आएको आधा दर्जन बढी एग्जिट पोलहरूले मोदीले भनेजस्तै एनडीए गठबन्धनले ३५० देखि ४०० सिट ल्याएको दाबी गरेका थिए । तर, नतिजामा भने भाजपा निकै खुम्चिएको छ । अघिल्ला दुई चुनावको तुलनामा यस पटक अझ बढी मतले मोदीले 'ह्याट्रिक' गर्ने दाबीविपरीत भाजपाले सरकार बनाउन चाहिने सामान्य बहुमत पनि ल्याउन सकेन । भाजपाको सरकार गठबन्धनका पार्टनर दलहरूमा निर्भर हुने स्थिति छ । आगामी दिनमा भाजपा बिहारका नेता नितिश कुमारको जनता दल युनाइटेड तथा आन्ध्र प्रदेशका चन्द्रबाबु नायडुको तेलुगु देशम पार्टीमाथि निर्भर रहनुपर्ने स्थिति आएको छ ।

१९५० सेप्टेम्बर १७ मा गुजरातको सामान्य परिवारमा जन्मिएका नरेन्द्र मोदी युवा अवस्थाबाटै राष्ट्रिय स्वयं सेवक संघ (आरएसएस) को छत्रछायामा हुर्केका हुन् । उनी आरएसएसको कुशल र सक्रिय कार्यकर्ता मानिन्छन् । उनलाई प्रधानमन्त्रीको कुर्सी दिलाउनेमा पनि आरएसएसकै हस्तक्षेपकारी भूमिकाले काम गरेको थियो । प्रधानमन्त्री भएपछि आरएसएसका मुद्दाहरूलाई उनले कार्यान्वयनमा ल्याउन प्रयाससमेत गर्दै आएका छन् । लोकलुभावन भाषा र आक्रामक वक्ताका रूपमा चिनिएका मोदीलाई आरएसएसले सन् १९८७ मा भाजपासँग जोडाइदिएको थियो । भाजपामा जोडिएको १३ वर्षमै उनी गुजरातको मुख्यमन्त्री भए । २००१ मा गुजरातमा आएको ठूलो भूकम्पमा २० हजार मानिसले ज्यान गुमाएका थिए । त्यसलगत्तै तत्कालीन मुख्यमन्त्री केसुभाइ पटेलले राजीनामा गरेपछि पार्टीले मोदीलाई मुख्यमन्त्री बनाएको थियो । गुजरातको मुख्यमन्त्री भएयता उनी सत्ता र शक्तिबाट टाढा हुनुपरेको छैन । २००१ देखि २०१४ सम्म उनी मुख्यमन्त्री रहे । २०१४ मा देशको प्रधानमन्त्री भए ।

मोदीको नेतृत्वमा भाजपाले राम्रो परिणाम ल्याउन सफल भयो । त्यही बेलादेखि मोदी राष्ट्रिय राजनीतिमा बलियोसँग स्थापित भए । चुनावबाट कमजोर भएको विपक्षीलाई थप कमजोर बनाउन दल फुटाउने, भ्रष्टाचारको मुद्दा लगाउने र थुन्नेजस्ता काम मोदी नेतृत्वको सरकार र भाजपाले गर्दै आएको छ । विपक्षीलाई मुद्दा लगाउन सरकारी जाँच एजेन्सीहरू प्रवर्तन निर्देशनालय र सीआईबीको दुरुपयोगको आरोप उनीमाथि लाग्दै आएको छ । अर्कोतिर, पार्टीभित्र पनि आफूभन्दा वरिष्ठ तथा समकालीन नेताहरूलाई किनारा लगाउँदै उनले आफूलाई विकल्परहित नेताका रूपमा उभ्याएका छन् ।

पछिल्लो १० वर्षमा पार्टीभित्र वा सरकारमा मोदीलाई चुनौती दिन सक्ने र उनीसँग मतान्तर गर्न सक्ने हैसियतमा कुनै पनि नेता देखिएका छैनन् । सरकार र पार्टी दुवै मोदीले चाहेअनुसार चल्दै आएको छ । तर, अब त्यस्तो स्थितिमा बदलाव आउन सक्ने ट्रिब्युनका पूर्वसम्पादक सिंहको बुझाइ छ ।



# १२ दिनमा १२ खेलका प्रतियोगिता

विराटनगर(प्रस) । कोशी प्रदेशमा असार पहिलोसाताबाट खेलकुदका प्रतियोगिताहरु आयोजना गरिने भएको छ । कोशी प्रदेश खेलकुद विकास बोर्डले विभिन्न १२ खेलका प्रतियोगिताहरु असार ३ गतेदेखि सञ्चालन गर्न लागेको हो ।

ब ा े ड ि ल े विराटनगरमा बुधबार पत्रकार सम्मेलन गरेर प्रतियोगिताको कार्यतालिका सार्वजनिक गर्दै प्रतियोगिता हुने स्थानको टुंगो लागिसकेको जानकारी दियो । बोर्डका सदस्यसचिव कृष्ण बस्नेत (पर्शुराम)का अनुसार अधिकांश प्रतियोगिताको मिति र स्थान तय गरिसकिएको छ । केहीको मिति तय हुन बाँकी रहेपनि सबै प्रतियोगिताहरु असार १५ गतेभित्रमा सक्ने योजना रहेको उनले बताए ।



चालु आर्थिक वर्ष २०८०/०८१ मा प्रदेश खेलकुद विकास बोर्डमार्फत कार्यान्वयन हुने खेलकुद सम्बन्धी कार्यक्रममध्ये अधिकांशको कार्यतालिका र सञ्चालन मिति निर्धारण भइसकेको बस्नेतले बताए । प्रदेशका १४ वटै जिल्लालाई समेटेर प्रतियोगिताहरु आयोजना गरिने जानकारी उनले दिए । केही प्रतियोगिता सञ्चालनका लागि सम्झौता भइसकेको र केही सम्झौताको चरणमा रहेको बस्नेतले बताए ।

उनका अनुसार प्रदेशस्तरीय पुरुष फुटबल प्रतियोगिता असार ३ देखि ७ गतेसम्म तेह्रथुममा सञ्चालन गरिने छ । कबड्डी प्रतियोगिता असार ७ देखि १० गतेसम्म मोरङमा, महिला फुटबल असार ८ देखि १३ गतेसम्म खोटाङमा, शरीरिक सुगठन असार १० देखि १२ गतेसम्म झापामा र भारोत्तोलन असार १३ देखि १५ गतेसम्म विराटनगरमा गर्ने तय भएको जानकारी सदस्यसचिव बस्नेतले दिए ।

मुख्यमन्त्री कप राष्ट्रिय भलिबल प्रतियोगिता मोरङमा, प्रदेशस्तरीय पौडी प्रतियोगिता सुनसरी र मोरङमा, महिला 'सेल्फ डिफेन्स' (आत्मरक्षा) तथा योगा प्रशिक्षण झापा, मोरङ र सुनसरीका तीनवटा विद्यालयमा तथा प्रदेशस्तरीय कुरास प्रतियोगिता आयोजना गर्ने तय भएको छ । यी प्रतियोगिता सञ्चालन गर्ने मिति छिटै टुंग्याइने बस्नेतले जानकारी दिए । उनका अनुसार फरक क्षमता (अपांगता) भएकाहरुले खेल्ने पारा खेलकुदमध्ये क्रिकेट र पौडी प्रतियोगिता विराटनगरमा तथा बास्केटबल धरानमा गरिने छ ।

❖ बाँकी अन्तिम पृष्ठमा

# दार्जिलिङमा राजु बिष्ट दोस्रो पटक निर्वाचित

एजेन्सी । भारत पश्चिम बंगालको दार्जिलिङमा भारतीय जनता पार्टीका राजु बिष्ट दोस्रो पटक निर्वाचित भएका छन् । उनले बंगालको सत्ताधारी दल अखिल भारत त्रिणमुल कंग्रेसका उम्मेदवार गोपाल लामालाई पराजित गरेका हुन् ।

लामालाई दार्जीलिङको बलियो क्षेत्रीय दल भारतीय गोर्खा प्रजातान्त्रिक मोर्चा (भागोप्रमो) समर्थन थियो । बिष्टले ६ लाख ७९ हजार ३ सय ३१ मत पाउँदा लामाले ५ लाख ८ सय ६ मत मात्रै पाए।

दार्जिलिङ संसदीय क्षेत्रमा



भाजपाको चौथो जित हो । सन् २००९ देखि नै भाजपाले निरन्तर जित्दै आइरहेको छ। सन् २०० ९ मा जसवन्त सिंह दार्जिलिङबाट लोकसभाको निम्ति निर्वाचित भएका थिए भने सन् २०१४ मा भाजपाका सुरेन्दर सिंह अहलुवालियाले जितेका थिए । त्यसपछि सन् २०१९ को लोकसभा चुनावमा विमल गुरुङ नेतृत्वको गोर्खा जनमुक्ति मोर्चालगायत क्षेत्रीय दलहरूको समर्थनमा बिष्टले जितेका थिए। गुरुङ नेतृत्वको गोर्खा जनमुक्ति मोर्चाले यसपटक पनि बिष्टलाई सघाएको थियो ।

मणिपुरका नेपाली भाषी बिष्टले नेपालीभाषी मतकै सहयोगमा दोस्रो पटक जितेको विश्लेषण गरिएको छ । 'ममता बेनर्जी गोर्खाल्यान्ड मुद्दामा अनुदार छिन्', भारतीय मिडियाहरूले उल्लेख गरेका छन्, 'त्यही कारण दार्जिलिङका मतदाताले ममताका उम्मेदवारलाई जिताउन चाहेनन् ।'

## हिमालबाट...

र अस्थिरपञ्जर सङ्कलन गरिएको हो। यस अभियानमा सेनानी आदित्य कार्कीको नेतृत्वमा १० सैन्य जनशक्ति र १८ जना शेर्पा सहयोगीका साथै अन्य आरोही दलका सदस्य प्रत्यक्ष संलग्न रहेका थिए । सफाइ टोलीले सगरमाथाको सफल आरोहणसमेत गरेको थियो।

सन् २०१९ मा सञ्चालित अभियानबाट सफाइ टोलीले सगरमाथा र ल्होत्से हिमालबाट १० दशमलव छ मेट्रिकटन फोहर र चारवटा शव सङ्कलन गरेको थियो। विश्वव्यापी कोरोना महामारीका कारण सन् २०२० मा अभियान सञ्चालन गरिएको थिएन । सन् २०२१ मा विभिन्न छ हिमालबाट २७ दशमलव ६ मेट्रिकटन फोहर, चारवटा शव र एकवटा अस्थिरपञ्जर तथा सन् २०२२ मा चार हिमालबाट ३३ दशमलव आठ मेट्रिकटन फोहर सङ्कलन गरिएको थियो ।

सन् २०२३ मा सफाइ टोलीले सगरमाथा, ल्होत्से, बरुञ्चे र अन्नपूर्ण हिमालबाट ३५ दशमलव सात मेट्रिकटन फोहर सङ्कलन गरेको थियो । हिमालमा रहेका फोहर हटाउनका लागि सेनाले सन् २०१९ देखि सफा हिमाल अभियान सञ्चालन गर्दै आइरहेको छ । विश्व वातावरण दिवसका अवसर पारेर सेनाले बुधवार जङ्गी अड्डामा विशेष कार्यक्रम गरी यस वर्ष सञ्चालन गरिएको सफा हिमाल अभियानको समापन गरेको छ।

बिर्ता (सेफ्टी तथा ढल सफाई)
बिर्तामोड, झापा

सम्पर्क:
9825952680
9816063266
9825952677
9804994595
सेफ्टी तथा ढल सफाइ गर्नु परेमा हामीलाई सम्झनुहोस् ।
पहाडी क्षेत्रमा पनि सेवा उपलब्ध छ ।

प्रतिदिन
वर्गीकृत विज्ञापन

अब मेसिनबाट घरको झ्याल तथा ढोकाको बुट्टा
PAL creation
bhadrapur road, birtamode
023-590580, 9852671580

सुपर काइनेटिक एक्सप्रेस कुरियर
राष्ट्रिय तथा अन्तराष्ट्रिय चिठि पत्र , पार्सल पठाउनु परे हामिलाई सम्झनुहोस ।
विगत ३ दशकदेखी अनुभवी तथा विश्वासिलो एकमात्र कुरियर
सम्पर्क:
फोन: ०२३-५४०४७८
मो: ९८५२६७७३५५
बिर्तामोड (सिटि सेन्टर), झापा
अदुवा खोला छेउ

तपाईंकोमा प्रतिदिन आएन ?
नआएमा सम्पर्क गर्नुहोला ।
०२३-५४३८२०

मानव डेन्टल
काँकरभिट्टारोड, बोलबम पेट्रोलपम्प पूर्व, बिर्तामोड
फोन: ०२३-५४२६१६, मो: ९८५२६४०४०५
दैनिक सेवाको लागि
❖डा. मेची अञ्चल अस्पतालबाट
❖डा. भैरहवाबाट
❖डा. काठमान्डौबाट
स्वास्थ्य मुस्कान, स्वास्थ्य जीवन, यही हो मानव डेन्टलको पहिचान

वर्गीकृत विज्ञापन संकलन केन्द्रहरु :

चन्द्रगढी, भद्रपुर
लोकबहादुर कुँवर : ९८४२६८३९९६
द्रोण अधिकारी : ९८४२६२८७९१

दमक
विष्णु सुब्बा : ९८५२६७०१३७
देविबहादुर बस्नेत : ९८१७९२४६२१

मेचीनगर
चारआली : ९८४२७०३०१३
गोबिन्द घिमिरे : ९८१५९५०१५०

उर्लाबारी
रुपेन्द्र शेर्मा : ९८४२०९२४०६

विराटनगर
क्रिएटिभ आई: ०२१-५२५६१०

इलाम, मंगलबारे
रणवीर लिम्बू
९८१६९८४७५७

काकँरभिट्टा
फ्रेन्डसिप पुस्तक पसल
०२३-५६२४२४

झापा बजार
बरत राजवंशी
९८१७०४९००१

## आजको राशिफल

**मेष** रोकिएका कामहरू पुनः सुरु हुन सक्छन् । साहित्यिक क्षेत्रमा रुचि बढ्नेछ ।

**वृष** आज जिद्दीपनाले गर्दा काम बिग्रने डर छ । सौन्दर्यतामा धन खर्च हुनेछ ।

**मिथुन** सुखदुःख बराबरी खालको समय रहनेछ । सद्विचारले अभिप्रेरित लाभ मिल्नेछ ।

**कर्कट** जोशजाँगर र उमङ्ग बढ्नेछ । नयाँ काममा हात हाल्ने समय छ ।

**सिंह** सरकारी निकायको भय रहला । शेयर बजारले पनि साथ नदेला ।

**कन्या** मिष्ठान्न भोजन प्राप्ति होला । तपाईंलाई कसै कसैले भित्र भित्रै मन पराउन सक्छन्

**तुला** कलहको योग भएकाले कसैसँग बोल्दा वा ठट्टा गर्दा सतर्कता अपनाउनुहोला ।

**वृश्चिक** आर्थिक क्षेत्रमा सङ्कट आउला, तर साँझमा मन प्रसन्न रहनेछ ।

**धनु** आजको दिन उत्साहपूर्ण रहनेछ । विद्या र बुद्धिको विकास हुनेछ ।

**मकर** नयाँनयाँ ज्ञान सिक्ने मौका मिल्नेछ । राजनैतिक कार्यमा सफलता मिल्नेछ ।

**कुम्भ** ठुलो कारोबारमा लगानी नगर्दा वेश हुनेछ । सामान हराउने भय पनि छ ।

**मिन** आज आफन्तसँग सहकार्यको अवसर मिल्नेछ । एउटै कामबाट दोहोरो लाभ